नेपाल सरकार

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

# सरोकारवाला र सर्वसाधारणको लागि राय माग गरिएको सम्बन्धी

## सूचना

प्रकाशन मितिः २०८३/४/२५

विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरिएको छ । प्रस्तुत विधेयकको मस्यौदा उपर विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभावका सम्बन्धमा सम्वन्धित सरोकारवाला सबै र सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो मस्यौदा उपर तपसिलमा उल्लिखित ढाँचा र Emai: info@mosti.gov.np and ministry2026mosti@gmail.com ठेगानामा ७ (सात) दिन भित्र आफ्नो राय तथा सुझाव/प्रतिक्रिया उपलब्ध गराइदिनु हुन सरोकारवाला सबै र सर्वसाधारण समक्ष सादर अनुरोध छ ।

तपसिल

राय, सुझाव/परामर्श ढाँचाः

| क्र.सं. | प्रस्ताविक विज्ञान प्रविधि तथा नवप्रवर्तन विधेयकको मस्यौदाको व्यवस्था | विज्ञान, प्रविधि तथा नवप्रवर्तन विधेयको मस्यौदाको दफा र उपदफा | राय, सुझाव/ परामर्श | पुष्टयाई |
|---|---|---|---|---|
| | | | | |

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सरोकारवाला र सर्वसाधारणको

राय, सुझाव/परामर्शको लागि

विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

तर्जुमा गर्नुपर्ने कारण र त्यसले पार्ने प्रभाव

(१) कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारण यस प्रकार छन्:

- विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तनलाई छरिएर रहेको अवस्थाबाट एकीकृत राष्ट्रिय प्रणालीमा रूपान्तरण गर्नु,
- अनुसन्धान र उत्पादनबीच पर्याप्त सम्बन्ध स्थापित गरी उत्पादकत्व वृद्धि गर्न,
- अनुसन्धानमा दीर्घकालीन तथा पर्याप्त लगानी वृद्धि गर्दै जानका लागि,
- अनुसन्धान र प्रविधि विकास लाई व्यावसायीकरण तथा प्रविधि हस्तान्तरण गर्न,
- वैज्ञानिक तथा प्राविधिक जनशक्तिको स्वदेश मै उपयोग वढाउन,
- विश्वविद्यालय, अनुसन्धान संस्था, सरकार र उद्योगबीच सहकार्य र संजालीकरण गर्न,
- अनुसन्धानका परिणामको प्रभावकारी अभिलेखीकरण तथा उपयोग गर्न,
- नवप्रवर्तन तथा स्टार्टअपका लागि पर्याप्त संस्थागत आधारलाई तयार गर्न,
- अनुसन्धान तथा नवप्रवर्तनमैत्री पारिस्थितिकीय प्रणाली विकास गर्ने र लगानी प्रवर्द्धन गर्ने,
- विज्ञान तथा प्रविधि तथा नवप्रवर्त विधेयकले विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान र विकासका लागि मन्त्रालय अन्तर्गत विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्र स्थापना गरी प्रविधि प्रसार गर्न,

(२) विधेयकको व्यवस्थावाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः

- विज्ञान तथा प्रविधिको विकासले नागरिकको शिक्षा, स्वास्थ्य, सूचना, रोजगारी, सार्वजनिक सेवा र जीवनस्तर सुधारमा सकारात्मक प्रभाव पार्ने,
- नयाँ प्रविधिको विस्तारसँगै गोपनीयता, तथ्याङ्क सुरक्षा, समान पहुँच, अनुसन्धान नैतिकता र डिजिटल विभाजनका विषयमा प्रचलित कानूनले पनि नियमन र संरक्षण हुने,
- अनुसन्धानमा मानव अधिकार तथा नैतिक मापदण्डको पूर्ण पालना हुने,
- व्यक्तिगत तथा संवेदनशील तथ्याङ्कको सुरक्षा हुने,
- अनुसन्धानमा सूचित सहमति तथा गोपनीयता हुने,
- महिला, विपन्न, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका समुदायको प्रविधिमा पहुँच हुने,
- कृत्रिम बुद्धिमत्ता तथा अन्य उदीयमान प्रविधिको प्रयोग बढने,

नेपाल सरकार विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

उपसचिव

- अनुसन्धान आचारसंहिता तथा स्वार्थको द्वन्द्व नियन्त्रणजस्ता विषयलाई समेत महत्व दिएको छ । बजेट, अनुदान आह्वान, मूल्याङ्कन मापदण्ड, सफल अनुदानग्राही तथा परियोजनाको सार्वजनिक प्रकाशन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

(३) **विधेयकको प्रभावबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- विधेयक कार्यान्वयनका लागि अनुसन्धान पूर्वाधार, प्रयोगशाला, दक्ष जनशक्ति, अनुसन्धान अनुदान तथा विज्ञान, प्रविधि तथा नवप्रवर्तन कार्यक्रमका लागि सरकारी लगानी आवश्यक पर्नेछ।
- मस्यौदामा विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोषको व्यवस्था गरी अनुसन्धान, नवप्रवर्तन तथा प्रविधि-उद्यमका क्षेत्रमा स्रोत परिचालन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने प्रस्तावसमेत छ।
- यो विधेयकलाई खर्चको रूपमा मात्र नभई उत्पादक लगानीका रूपमा हेर्न आवश्यक छ । दीर्घकालीन रूपमा अनुसन्धान तथा नवप्रवर्तनलेः ज्ञान → आविष्कार → प्रविधि → उद्यम → उत्पादन → रोजगारी → आर्थिक उन्नतीको श्रृखला निर्माण गर्न सक्छ। यसबाट आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, नयाँ उद्योग तथा स्टार्टअप, उत्पादनशीलता वृद्धि र उच्च मूल्यका बौद्धिक सम्पत्ति सिर्जनामा योगदान पुग्न सक्छ । जसबाट मुलुकमा आर्थीक समृद्धि हासिल गर्न ठोस योगदान पुग्ने अपेक्षा गरिएको छ ।

(४) **विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

विज्ञान, प्रविधि तथा नवप्रवर्तन दिगो विकासका लगभग सबै क्षेत्रमा उपयोगी छन्। विधेयकले विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई दिगो विकासका लक्ष्यसँग जोड्ने संस्थागत आधार निर्माण गर्न सहयोग गर्नेछ ।

उद्योग तथा व्यापारः उन्नत उत्पादन प्रविधि र सो को प्रयोग र उपयोगबाट उत्पादनमा बृद्धि भई व्यापार बढने र आयात प्रतिस्थापन हुनेछ, स्वास्थ्यः रोग पहिचान, औषधि तथा स्वास्थ्य प्रविधि, शिक्षाः डिजिटल तथा अनुसन्धानमुखी शिक्षा, ऊर्जाः स्वच्छ तथा नवीकरणीय ऊर्जा. कृषिः उत्पादन तथा उत्पादकत्व वृद्धि, वातावरणः प्रदूषण नियन्त्रण तथा स्रोत संरक्षण, विपद् व्यवस्थापनः पूर्वानुमान तथा पूर्वसूचना प्रणाली, बौद्धिक सम्पत्तिः बौद्धिक सम्पत्तिको संरक्षण र व्यवस्थापन ।

(५) **विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

प्रस्तावित कानूनी संरचनाको महत्वपूर्ण पक्ष पारदर्शिता, उत्तरदायित्व र प्रमाणमा आधारित निर्णय प्रणाली लगायत डिजिटल तथा तथ्यमा आधारित सार्वजनिक सेवाको सुधारमा टेवा पुग्ने हो। मस्यौदाले अनुदान तथा अनुसन्धानसम्बन्धी निर्णयमा स्वार्थको द्वन्द्व नियन्त्रण गर्ने र अनुदान तथा परियोजनासम्बन्धी महत्वपूर्ण सूचना सार्वजनिक गर्ने व्यवस्था प्रस्ताव गरेको छ । त्यसैगरी केन्द्रले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनुअघि मस्यौदा सार्वजनिक गरी कम्तीमा सार्वजनिक परामर्श गर्नुपर्ने र प्राप्त सुझावको सारांश तथा प्रतिक्रिया सार्वजनिक गर्नुपर्ने प्रस्ताव गरिएको छ । यसबाट अनुसन्धान अनुदान र सार्वजनिक स्रोतको परिचालनलाई थप पारदर्शी, प्रतिस्पर्धात्मक र परिणाममुखी बनाउन सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(६) विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः

नेपाल जलवायु परिवर्तन तथा प्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक भएकाले विज्ञानमा आधारित जलवायु अनुसन्धान आवश्यक छ।

प्रस्तावित विधेयक कार्यान्वयनबाटः

हिमाली तथा हिमनदी अध्ययन, बाढी तथा पहिरो पूर्वानुमान, जलवायु-सहनशील कृषि, पानीका स्रोतको संरक्षण, विपद् पूर्वसूचना, स्वच्छ तथा नवीकरणीय ऊर्जा, वातावरणीय प्रविधि, जलवायुजन्य जोखिमको तथ्याङ्क प्रणाली जस्ता क्षेत्रमा अनुसन्धान तथा नवप्रवर्तनलाई प्राथमिकता दिन सकिनेछ । राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीतिले पनि वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणलाई अनुसन्धानका प्राथमिकताका क्षेत्रका रूपमा लिएको छ।

(७) अन्य आवश्यक विषयः

नवप्रवर्तन, प्रविधि हस्तान्तरण र बौद्धिक सम्पत्ति प्रस्तावित विधेयकको महत्वपूर्ण विशेषता अनुसन्धानलाई केवल प्रकाशन वा शैक्षिक उपलब्धिमा सीमित नराखी प्रविधि तथा उद्यममा रूपान्तरण गर्ने यसका लागि विज्ञान तथा प्रविधि हब तथा नवप्रवर्तन जोन स्थापना गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ। सरकारी लगानीबाट भएको अनुसन्धानबाट सिर्जित बौद्धिक सम्पत्तिको स्वामित्व अनुसन्धान गर्ने संस्था वा समूहमा रहने प्रस्ताव पनि गरिएको छ। यसले अनुसन्धानकर्तालाई आविष्कार तथा प्रविधि विकासतर्फ प्रोत्साहित गर्न सक्नेछ। यससँगै Technology Transfer, Licensing, Incubation, Mentorship, Startup तथा Commercialisation का स्पष्ट कार्यविधि विकास गर्न आवश्यक हुनेछ।

यसका अतिरिक्त विधेयकलाई भविष्यका प्रविधिगत परिवर्तन समेत सम्बोधन गर्न सक्ने बनाउन निम्न विषयमाथप स्पष्टता आवश्यक देखिन्छः

- कृत्रिम बुद्धिमत्ता
- तथा उदीयमान प्रविधि
- अनुसन्धान नैतिकता र जैव-नैतिकता
- डेटा तथा अनुसन्धान सूचना सुरक्षा
- बौद्धिक सम्पत्तिको व्यावसायीकरण
- विश्वविद्यालय-उद्योग-सरकार सहकार्य
- स्टार्टअप तथा नवप्रवर्तन उद्यम
- Brain Drain लाई Brain Gain मा रूपान्तरण
- अन्तर्राष्ट्रिय अनुसन्धान तथा विज्ञान कूटनीति
- परम्परागत तथा मौलिक ज्ञान र सीपको संरक्षण तथा उपयोग

मस्यौदाले स्वयं वैज्ञानिक, प्राविधिक, नवप्रवर्तक तथा परम्परागत र मौलिक ज्ञान तथा सीपलाई राष्ट्रिय विकाससँग जोडेर नवप्रवर्तनमुखी अर्थतन्त्र निर्माण गर्ने उद्देश्य राखिएको छ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन...
२०८४।१२ 
उपसचिव

# विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**ः मुलुकको दिगो विकास तथा सम्बृद्धिको लागि ज्ञान, सीप र स्रोतमा आधारित आर्थिक-सामाजिक रूपान्तरण गर्न, वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनलाई एकीकृत राष्ट्रिय प्रणालीको रूपमा संस्थागत गर्न, सरकार, वैज्ञानिक अनुसन्धान संस्था, उद्योग/व्यवसाय, वित्तीय संस्था तथा अन्तर्राष्ट्रिय साझेदारी मार्फत प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनमैत्री पारिस्थितिकीय प्रणाली विकास गरी लगानी प्रवर्द्धन गर्न, वैज्ञानिक, प्राविधिज्ञ, नवप्रवर्तक, पारम्परिक र मौलिक ज्ञान र सीपको उपयोगबाट प्रविधि र ज्ञानमा आधारित नवप्रवर्तनमुखी अर्थतन्त्र बिकास गर्न तथा वैश्विक ज्ञान, विज्ञान कूटनीति र अन्तर्राष्ट्रिय सहकार्यलाई राष्ट्रिय विकाससँग जोड्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "विज्ञान, प्रविधि तथा नवप्रवर्तन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुसन्धान" भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तन लगायत सामाजिक वा आर्थिक क्षेत्रमा नयाँ ज्ञान, तथ्य, विधि, वस्तु वा सेवाको सिर्जना, परीक्षण वा सुधार गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यसरी गर्न गरिने व्यवस्थित खोज, अध्ययन वा अन्वेषण समेतलाई जनाउँछ।

(ख) "अनुसन्धानकर्ता" भन्नाले अनुसन्धान गर्ने व्यक्तिलाई सम्झनुपर्छ।

(ग) "अनुसन्धान संस्था" भन्नाले विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान, प्रविधि विकास वा नवप्रवर्तन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित निजी, गैरसरकारी, सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, विश्वविद्यालय वा सो भित्र स्थापित संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्ता संस्था भित्र स्थापित अनुसन्धान इकाइलाई समेत जनाउँछ।

(घ) "अनुसन्धान नैतिकता (रिसर्च एथिक्स)" भन्नाले अनुसन्धानमा इमान्दारिता, वस्तुनिष्ठता, पारदर्शिता, उत्तरदायित्व, उचित लेखकीय मान्यता, तथ्य तथा अभिलेखको संरक्षण र स्वार्थको द्वन्द्वको व्यवस्थापन सम्झनु पर्छ।

(ङ) "स्टार्टअप" भन्नाले नवीन ज्ञान, अन्वेषण, प्रविधि वा व्यावसायिक प्रारूपको प्रयोग गरी वस्तु, सेवा वा प्रक्रियामा सुधार वा नवीनता ल्याई शीघ्र व्यवसाय विस्तार गर्न सकिने उच्च सम्भावना भएको उद्यम वा व्यवसायलाई सम्झनु पर्छ।

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

दिलिप कुमार चपागाईं
उपसचिव
कानून तथा फैसला कार्यान्वयन शाखा
२०८३।१।२८

(च) "उत्कृष्टता केन्द्र" भन्नाले दफा २० बमोजिमको मापदण्ड पूरा गरी केन्द्रबाट प्रमाणित संस्था वा इकाईलाई सम्झनुपर्छ।

(छ) "कोष" भन्नाले दफा १६ बमोजिम स्थापना भएको राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोष सम्झनुपर्छ।

(ज) "खुला विज्ञान" भन्नाले सार्वजनिक वित्तपोषणबाट भएको अनुसन्धानको नतिजा, डेटा र प्रकाशनलाई राष्ट्रिय सुरक्षा, गोपनीयता र बौद्धिक सम्पत्ति सम्बन्धी अपवादको अधीनमा रही सर्वसाधारणको पहुँचयोग्य बनाउने अभ्यास सम्झनुपर्छ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ञ) "नवप्रवर्तन" भन्नाले ज्ञान, अनुसन्धान वा स्थानीय ज्ञानलाई सार्वजनिक हित वा उत्पादनशील प्रयोगका लागि नयाँ वा उल्लेखनीय रूपमा सुधारिएको उत्पादन, प्रक्रिया, सेवा, व्यवसायिक ढाँचा वा सामाजिक समस्या समाधानमा रूपान्तरण गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले नवीन विधि, रणनीति, डिजाइन वा व्यावसायिक प्रारूप मार्फत उत्पादन, सेवा, प्रक्रिया, बजारीकरण विधि वा संगठनात्मक अभ्यासमा उल्लेख्य सुधार गर्ने कार्यलाई समेत जनाउँछ।

(ट) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद् सम्झनु पर्दछ।

(ठ) "केन्द्र" भन्नाले दफा ७ बमोजिम स्थापित विज्ञान प्रविधि तथा नवप्रवर्तन केन्द्रलाई सम्झनुपर्छ।

(ड) "बौद्धिक सम्पत्ति" भन्नाले पेटेन्ट, डिजाइन लगायत प्रचलित कानुनबमोजिम स्वामित्व प्राप्त हुने बौद्धिक सम्पत्तिलाई सम्झनुपर्छ।

(ढ) "मन्त्री" भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी विषय हेर्ने मन्त्री सम्झनुपर्छ।

(ण) "मन्त्रालय" भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्छ।

(त) "स्थानीय ज्ञान" भन्नाले स्थानीय समुदाय, आदिवासी जनजाति वा परम्परागत अभ्यासबाट विकसित ज्ञान, सीप र अभ्यास सम्झनु पर्छ।

(थ) "परामर्श समिति" भन्नाले दफा ६ बमोजिमको विज्ञान, प्रविधि तथा नवप्रवर्तन समिति सम्झनु पर्छ।

(द) "कोष सञ्चालक समिति" भन्नाले दफा १७ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

(ध) "सञ्चालक समिति" भन्नाले दफा १० बमोजिमको केन्द्रको सञ्चालक समिति सम्झनु पर्छ।

परिच्छेद - २

## राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद्सम्बन्धी व्यवस्था

३. परिषद्को गठनः (१) विज्ञान, प्रविधि, अनुसन्धान एवं नवप्रवर्तनको उन्नयन र विकासका लागि नीतिगत, कानूनी, संस्थागत सुधार, समन्वयन, सहजीकरण र स्रोत परिचालन सम्बन्धमा नीतिगत मार्गनिर्देश गर्नका लागि तेह्र सदस्यीय राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद् रहनेछ।

(२) परिषद्को गठन देहायबमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री | - अध्यक्ष |
| (ख) | मन्त्री; विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय | - उपाध्यक्ष |
| (ग) | मन्त्री, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| (ङ) | मन्त्री, शिक्षा तथा खेलकुद मन्त्रालय | - सदस्य |
| (च) | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (छ) | उपाध्यक्षको सिफारिसमा अध्यक्षले मनोनित गरेको विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन क्षेत्रका प्राविधिज्ञ, अनुसन्धानकर्ता, विशेषज्ञ, प्राज्ञ; तथा प्रविधि, नवप्रवर्तन, उधोग, ब्यापबसाय क्षेत्रमा बिशेष अनुभव हासिल गरेका ब्यक्तिहरु मध्येबाट कम्तीमा दुई जना महिला सहित छ जना | - सदस्य |
| (ज) | सचिव, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय | - सदस्य-सचिव |

(३) परिषद्ले आवश्यकता अनुसार विषयगत मन्त्री, प्रदेशका मुख्यमन्त्री तथा मन्त्री एवं विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित विभिन्न क्षेत्रका अनुसन्धानकर्ता, प्राविधिज्ञ, विशेषज्ञ वा विज्ञान-प्रविधि वा उद्योगको क्षेत्रमा ख्याति/विशेष अनुभव प्राप्त व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४. परिषद्को बैठक सम्बन्धी व्यवस्थाः (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा अध्यक्षको अनुमतिमा परिषद्को उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(४) परिषद्को सदस्य-सचिवले बैठकमा पेश हुने कार्यसूची तयार गरी अध्यक्षको स्वीकृति लिई कम्तीमा सात दिन अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको कार्यसूची बनाउँदा परामर्श समितिले तयार पारेको प्रतिवेदनका सुझावहरू सहित कार्यसूची समेत समावेश गर्नु पर्नेछ।

(६) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(७) परिषद्को निर्णय सर्वसम्मतिबाट हुनेछ, सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यको बहुमतबाट निर्णय हुनेछ रमत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) परिषद्को निर्णय सचिवले प्रमाणित गर्नेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(१०) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ।

५. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी राष्ट्रिय नीति, रणनीति, मार्गचित्र तथा अनुसन्धान र नवप्रवतनमैत्री प्रणाली विकासका सम्बन्धमा दिशानिर्देश गर्ने,

(ख) मुलुकको आवश्यकता अनुसार विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी कार्यका लागि लगानी जुटाउने,

(ग) कोषको वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन गर्ने,

(घ) संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहजीकरण गर्ने,

(ङ) विज्ञान-प्रविधिसँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय संघसंस्थासँग आपसी सहयोग आदान प्रदानको लागि समन्वय गर्ने गराउने,

(च) परिषदले आफ्नो अधिकार क्षेत्रभित्र रहेका अधिकारहरू सम्बन्धित निकाय तथा अधिकारीलाई प्रत्यायोजन गरी गराउन सक्ने, र

(छ) विज्ञान प्रविधि र नवप्रवर्तनको विकास र उन्ननयनमा आवश्यक अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद - ३
## <u>परामर्श समिति सम्बन्धी व्यवस्था</u>

६. <u>विज्ञान, प्रविधि तथा नवप्रवर्तन विज्ञ परामर्श समितिः</u> (१) परिषद्, मन्त्रालय तथा केन्द्रलाई विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनको क्षेत्रमा ठोस सुझाव दिन मन्त्रालयले दुई जना महिला सहित नौ सदस्यीय एक अवैतनिक स्वतन्त्र विज्ञ/अनुभबी परामर्श समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको सदस्यहरूको नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट छुट्टै छनौट समितिले गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको छनौट समिति राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा फरक विधाका अन्य चार जना राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्याती प्राप्त/बिशेष अनुभब हासिल गरेका वैज्ञानिक/विज्ञ/प्राविधिज्ञ सहितका सदस्य हुनेछन् । उक्त चार जना सदस्यको मनोनयन तोकिय बमोजिम हुनेछ । छनौट समितिले प्राप्त आवेदनलाई नेपालको विज्ञान प्रविधि तथा

नवप्रवर्तनको उन्नयनमा स्वतन्त्र बस्तुनिष्ठ, तथ्यपरक सल्लाह सुझाव परामर्श समितिलाई दिन सक्ने व्यक्ति छनौट गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिमा विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन र सम्बन्धित क्षेत्रका ब्याबसायी/अर्थशास्त्र/समाजशास्त्र/जलबायु परिबर्तन विषयका विशेषज्ञ, प्राविधिज्ञ, प्राज्ञ र प्रविधि उद्यमशीलताका क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त/विशेष अनुभव भएका व्यक्तित्वहरू हुनेछन्।

(५) उपदफा (१) बमोजिमको समितिको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज एक पटकको लागि पुनर्नियुक्त हुन सक्नेछन्।

(६) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(७) उपदफा (१) बमोजिम नियुक्ति हुने सदस्य कम्तीमा दुई वर्ष अघिसम्मको कोषबाट अनुदानग्राही व्यक्ति सदस्य हुन पाउने छैनन् र निजको कार्यकाल समाप्ति पछि दुई वर्षसम्म कोषबाट कुनै पनि अनुदान प्राप्त गर्न सक्ने छैनन्।

(८) समितिका सदस्यले स्वार्थको द्वन्द्व नरहेको स्वघोषणा गर्नुपर्नेछ।

(९) समितिले आफ्नो राय तथा सुझाव लिखितरुपमा मन्त्रालयसमक्ष पेस गर्नुपर्नेछ र मन्त्रालयले त्यस्तो सुझाव सार्वजनिक गर्नेछ।

(१०) उपदफा (१) बमोजिमको समितिको संयोजक र सदस्यहरूको योग्यता, काम कर्तव्य र अधिकार, बैठक सञ्चालन तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद - ४

## विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था

७. **केन्द्रको स्थापना:** (१) वैज्ञानिक अनुसन्धान, प्रविधि, प्रणाली, संयन्त्र, सञ्जाल आदिको निर्माण, विकास र सबलीकरण गर्दै अनुसन्धान र नवप्रवर्द्धनमैत्री वातावरण सृजना गर्न तथा विज्ञान, प्रविधि र नवप्रवर्द्धन कार्यलाई ब्यवस्थित र प्रभावकारी तुल्याउन सहजकर्ता र नियामक निकायको भूमिका निर्वाह गर्न मन्त्रालय अन्तर्गत विज्ञान प्रविधि तथा नवप्रवर्तन केन्द्र रहनेछ ।

(२) केन्द्रलाई अङ्ग्रेजीमा सेन्टर फर साइन्स, टेक्नोलोजी एण्ड इनोभेसन र छोटकरीमा "कोष्टी" भनिनेछ।

(३) केन्द्रको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकताका आधारमा देशको अन्य स्थानमा केन्द्रको शाखा कार्यालय स्थापना गर्न सकिनेछ।

८. **प्रस्ताव पेश गर्नुपर्ने:** (१) विज्ञान प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा अनुसन्धान गर्न चाहने व्यक्ति वा संस्थाले केन्द्र समक्ष जुनसुकै समयमा तोकिए बमोजिम प्रस्ताव पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा अनुसन्धान सम्बन्धी कार्य र आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ।

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

(३) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव उपर केन्द्रले सम्बन्धित क्षेत्रको विज्ञहरू सम्मिलित विज्ञ समिक्षा (पीयर रिभ्यू) गराई प्रस्ताव अगाडि बढाउन उचित देखिएमा आर्थिक अनुदानका लागि सिफारिस साथ कोषमा लेखी पठाउनेछ।

(४) प्रस्ताव पेस गर्ने, मूल्याङ्कन, छनौट, स्वीकृति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. <u>केन्द्रको काम, कर्तव्य र अधिकार</u>ः केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) मन्त्रालयले निर्धारण गरेका प्राथमिकताका क्षेत्रमा आवश्यक व्यावहारिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तन कार्यका लागि वातावरण सिर्जना, सहजीकरण तथा नियमन गर्ने,

(ख) विशेष प्रतिभाशाली युवा तथा सिर्जनशील अनुसन्धानकर्ता लक्षित विशेष अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ग) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका विषयमा सरोकारवाला निकायहरूसँग आवश्यकतानुसार समन्वय तथा सहकार्य गर्ने,

(घ) दफा ८ बमोजिमको प्रस्तावको मूल्याङ्कन, छनौट तथा स्वीकृत गरी अनुदानका लागि कोष समक्ष सिफारिस गर्ने,

(ङ) अनुसन्धान पूर्वाधार विकास गर्ने तथा सो वा अन्य अनुसन्धान पूर्वाधारमा सहज पहुँच विस्तार गर्ने गराउने,

(च) विज्ञान प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित वैज्ञानिक प्रकाशन तथा तथ्याङ्कको पहुँच विस्तार गर्ने,

(छ) प्रविधि विकास तथा नवप्रवर्तनसँग सम्बन्धित वस्तु वा सेवाको प्रोटोटाइप, प्रडक्ट विकास गर्नका लागि आवश्यक अनुदानको लागि कोषमा सिफारिस गर्ने,

(ज) नेपाल भित्र सुविधा उपलब्ध नभएको अनुसन्धान मूलक सेवा आवश्यक भएमा नमूनाहरू विदेशमा पठाउन तोकिए बमोजिम प्रकृया पुरा गरी स्वीकृति दिने,

(झ) प्रविधि विकास, अनुसन्धान, तथा नवप्रवर्तनबाट सिर्जित बौद्धिक सम्पत्तिको सुरक्षण तथा व्यावसयिकीकरणको लागि अन्य निकायहरूबाट आवश्यक अनुमति प्राप्त गर्नको लागि सहजीकरण गर्ने

(ञ) प्रविधि विकास, अनुसन्धान, तथा नवप्रवर्तनबाट सिर्जित वस्तु तथा सेवाको व्यावसायिकीकरणको लागि लगानीको सहजीकरण गर्ने,

(ट) अनुदान व्यवस्थापन, अनुसन्धान, रिसर्च इथिक्स, खुला विज्ञान, स्वार्थको द्वन्द्व, तथ्याङ्क व्यवस्थापन र अनुगमनसम्बन्धी मापदण्ड मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्ने,

(ठ) अनुसन्धान तथा नवप्रवर्तनको राष्ट्रिय तथ्याङ्क, सूचक र अभिलेख व्यवस्थापन गर्ने,

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं

(ड) प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्रसँग अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनको क्षेत्रमा सहकार्य गर्ने गराउने,

(ढ) अनुसन्धानकर्ता तथा अनुसन्धान संस्थाहरूले प्राप्त गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुसन्धान अनुदानको अभिलेख राख्ने र अनुसन्धान परियोजना सञ्चालनका लागि अनुमति दिने,

(ण) अनुसन्धानकर्ता, नवप्रवर्तक र मेन्टरसम्बन्धी अभिलेख तयार गर्ने,

(त) विज्ञान-प्रविधिको अनुसन्धान, प्रविधि-उद्यम, इन्क्युबेटर, एक्सेलेरेटर, आविष्कार, परम्परागत ज्ञान वा सीपमा संलग्न वैज्ञानिक, सील्पी तथा संस्थाको सूची तयार र अद्यावधिक गर्ने,

(थ) प्रविधि, नवाप्रवर्तन र उद्यमशीलताको लागि कार्यक्रम सञ्चालन गर्ने,

(द) अनुसन्धान तथा नवप्रवर्तनका योजनाहरूको नतिजा मूल्याङ्कन, संरक्षण र सम्वर्द्धन गर्ने,

(ध) अन्तराष्ट्रिय स्तरमा ख्याती प्राप्त विदेशी वैज्ञानिक वा गैरआवासीय नेपाली वैज्ञानिक वा अनुसन्धानकर्ता वा नवप्रवर्तकलाई आकर्षण वा प्रोत्साहन गर्न बहु-आयामिक कार्यक्रम सञ्चालन गर्ने,

(न) उत्कृष्टता केन्द्र, विशिष्टकृत अनुसन्धान केन्द्र, राष्ट्रिय प्रयोगशाला, नवप्रवर्तन केन्द्र वा इकाई स्थापना गर्न सहयोग गर्ने,

(ऩ) मानव स्वास्थ्य, वातावरण सुरक्षा, राष्ट्रिय हितसँग सम्बन्धित बिषयमा अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनमा केन्द्रले एक द्वार संयन्त्र मार्फत अनुसन्धान नैतिक समिति समक्ष अनुमतिको लागि सिफारिस गर्ने,

(प) प्रविधि परीक्षण तथा प्रमाणीकरण गर्ने गराउने।

१०. <u>सञ्चालक समितिः</u> (१) केन्द्रको सञ्चालनका लागि देहायबमोजिमका पदाधिकारी रहेको तेह्र सदस्यीय सञ्चालक समिति रहनेछ।

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(घ) सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

(ङ) विज्ञान, प्रविधि र अनुसन्धान संस्थाबाट फरक विधा प्रतिनिधित्त्व हुनेगरी वैज्ञानिक, प्राविधिज्ञ, विशेषज्ञ र अनुसन्धानकर्ता मध्यबाट कम्तिमा दुइ जना महिलासहित पाँच जना - सदस्य

(च) निजी क्षेत्र, प्रविधि-उद्यम वा नवप्रवर्तन क्षेत्रका तीन जना - सदस्य

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं

(छ) कानुन, सार्वजनिक वित्त वा अनुसन्धान
नैतिकता विषयका एक जना विशेषज्ञ - सदस्य

(२) प्रमुख कार्यकारी अधिकृतले समितिको सचिव भई काम गर्नेछ।

स्पष्टिकरणः
उपदफा (१) को,- खण्ड (घ) को प्रयोजनको लागि "वरिष्ठ" भन्नाले विज्ञान प्रविधि तथा नवप्रवर्तन क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त, न्यूनतम पाँच वर्ष सो क्षेत्रमा काम गरेको, आफ्नो शोधपत्र अन्तर्राष्ट्रिय स्तरको प्राज्ञिक जर्नलमा प्रकाशन भएको वा विज्ञान प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा निरन्तर न्यूनतम सात वर्ष काम गरिआएको व्यक्ति सम्झनु पर्छ।

खण्ड (ङ) को प्रयोजनका लागि "विषयविज्ञ वैज्ञानिक" भन्नाले कृषि, ऊर्जा, वन, वातावरण, भू-विज्ञान, जलस्रोत, उद्योग, स्वास्थ्य, उदयीमान प्रविधि, सूचना प्रविधि लगायतका क्षेत्रमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ। ।

(२) उपदफा (१) को खण्ड (ङ), (च) र (छ) बमोजिमका सदस्यको मनोनयन मन्त्रालयले गर्नेछ र निजहरूको पदावधि दुई वर्षको हुनेछ र एक पटक मात्र पुनर्नियुक्त हुन सक्नेछ।

११. **सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) सञ्चालक समितिको बैठक प्रत्येक तीन महिनामा मन्त्रीको विशेष उपस्थितिमा कम्तीमा एक पटक बस्नेछ।

(२) बैठकको गणपूरक सङ्ख्या कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी हुनेछ।

(३) समितिले बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्नेछ।

(४) समितिको सचिवले बैठक बस्नुभन्दा कम्तीमा ७२ घण्टाअघि अध्यक्षको निर्देशन अनुसार बैठकको कार्यसूची सहित सदस्यलाई लिखित सूचना दिनु पर्नेछ। त्यस्तो सूचना विद्युतीय माध्यमबाट पनि दिन सकिनेछ।

(५) समितिको बैठकमा उपस्थित भई भाग लिए बापत सदस्यले अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(६) कुनै सदस्य काठमाडौं उपत्यकाभित्र नरहेको वा काबुबाहिरको परिस्थिति उत्पन्न भई बैठकमा उपस्थित हुन नसकेको कारणले श्रव्य-दृश्य माध्यमबाट समितिको बैठकमा उपस्थित हुन निजले गरेको अनुरोधबमोजिम त्यस्तो माध्यमबाट उपस्थित रहेमा उपदफा (२) को प्रयोजनको लागि निज उपस्थित भएको मानिनेछ।

१२. **सञ्चालक समितिको काम कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) केन्द्रको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) केन्द्रको काम कर्तव्य र अधिकार अनुसार काम भए नभएको नियमित अनुगमन गर्ने,

(ग) केन्द्रबाट पेश भएका प्रस्तावहरू उपर छलफल गरी आवश्यक निर्णय लिने,

(घ) मन्त्रालयको निर्देशन अनुसार काम गर्ने गराउने।

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं

१३. <u>प्रमुख कार्यकारी अधिकृत:</u> (१) केन्द्रको प्रशासनिक तथा कार्यकारी प्रमुखको रूपमा एक प्रमुख कार्यकारी अधिकृत रहनेछ।

(२) प्रमुख कार्यकारी अधिकृतको नियुक्ति मन्त्रालयले खुला प्रतिस्पर्धामार्फत गर्नेछ।

(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र कार्यसम्पादनको आधारमा थप एक पटक मात्र पुनर्नियुक्त हुन सक्नेछ।

(४) प्रमुख कार्यकारी अधिकृतले केन्द्रको उद्देश्य प्राप्तिको लागि कार्यक्रम तर्जुमा, सञ्चालन, कार्यान्वयन, कर्मचारी व्यवस्थापन गर्नेछ।

१४. <u>प्रमुख कार्यकारी अधिकृतको नियुक्ति:</u> (१) प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्तिको लागि उम्मेदवार सिफारिस गर्न देहायको सिफारिस समिति रहनेछः-

(क) लोकसेवा आयोगको अध्यक्षले तोकेको लोकसेवा आयोगको सदस्य - संयोजक

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) परिषद्को अध्यक्षबाट मनोनित परिषद्को विज्ञ सदस्य - सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिले विज्ञान, प्रविधि तथा इन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको र वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा हस्तान्तरण, विज्ञान प्रविधि नवप्रवर्तन प्रशासन, प्राविधिक मापदण्ड निर्माण, निरीक्षण, परीक्षण, नवप्रवर्तन तथा औद्योगिक व्यवस्थापनका क्षेत्रमा कम्तीमा दश वर्षको कार्यअनुभव भएका व्यक्तिमध्येबाट प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्तिका लागि तीन जना उम्मेदवारको नाम मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भएका उम्मेदवारमध्येबाट मन्त्रालयको प्रस्तावमा मन्त्रालयले प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ।

(४) देहायको व्यक्ति प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति हुन योग्य हुनेछैनः-

(क) नैतिक पतन देखिने गरी कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) बौद्धिक सम्पति चोरी, अनुसन्धान आचारसंहिता उल्लङ्घन जस्ता नैतिक पतन देखिने गरी अदालतबाट कसूरदार ठहरिएको,

(ग) विदेशी नागरिक वा कुनै विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको,

(घ) प्रचलित कानुनबमोजिम कालो सूचीमा परेको,

(ङ) जातीय तथा छुवाछुतको भेदभावमा कसूरदार भएको,

(च) अन्य कुनै कानुनले अयोग्य भएको।

(छ) पचपन्न वर्ष उमेर नाघेको।

(५) उपदफा (३) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निज एक पटकको लागि पुनर्नियुक्ति हुनेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, केन्द्रको हित वा उद्देश्य विपरीत हुने गरी काम गरेमा वा निजमा खराब आचरण देखिएको स्पष्ट आधार भएमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।

(७) उपदफा (३) बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति नभएसम्मको लागि वा कुनै कारणले नियुक्त भएको प्रमुख कार्यकारी अधिकृत पदमा रहन सक्ने अवस्था नभएमा वा अन्य कुनै कारण परी निजले काम कारबाही गर्न नमिल्ने वा नसक्ने भएमा मन्त्रालयले बढीमा तिन महिनाका लागि केन्द्रको प्रमुख कार्यकारी अधिकृतको रुपमा कामकाज गर्ने गरी तोक्न सक्नेछ।

(१०) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका सर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ।

(११) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको प्रकिया तथा मूल्याङ्कन विधि तोकिएबमोजिम हुनेछ।

१५. <u>केन्द्रको कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) केन्द्रमा तोकिएबमोजिम कर्मचारी, विशेषज्ञ, मेन्टररहनेछन्।

(२) केन्द्रका कर्मचारी, विशेषज्ञ, मेन्टरको नियुक्ति पारिश्रमिक, सेवाको सर्त र सेवा सुविधा तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१)बमोजिम कर्मचारी, विशेषज्ञ, मेन्टरको व्यवस्था नभएसम्म केन्द्रको अनुरोधमा नेपाल सरकारले आवश्यक कर्मचारी खटाउने छ।

(३) केन्द्रले योग्यता र खुला प्रतिस्पर्धाका आधारमा कर्मचारी नियुक्त गर्न सक्नेछ तथा विशेष ज्ञान आवश्यक पर्ने विषयमा समयबद्ध करारमा विशेषज्ञ वा मेन्टर सेवा लिन सक्नेछ।

## परिच्छेद ५

## <u>कोष सम्बन्धी व्यवस्था</u>

१६. <u>कोषको स्थापना</u> (१) मन्त्रालय अन्तर्गत एक विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन कोष रहनेछ। कोषमा जम्मा भएको रकम एक आर्थिक वर्ष भन्दा बढीमा समेत खर्च गर्न सकिनेछ।

(२) कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अन्तर्राष्ट्रिय संस्था वा विकास साझेदारबाट प्रचलित कानुनबमोजिम प्राप्त रकम,

(ग) निजी क्षेत्र, परोपकारी संस्था वा व्यक्तिबाट प्राप्त अनुदान, सहयोग

(घ) कोषको रकमबाट प्राप्त ब्याज, लाभांश वा अन्य वैध आय, प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने बैध रकम।

(३) कोषको रकम मन्त्रालयले तोकेका प्राथमिकताका क्षेत्रमा बहुवर्षीय अनुसन्धान वा पूर्वाधार परियोजनामा सम्झौताबमोजिम खर्च गर्न सक्नेछ।

(४) कोषको रकम प्रविधि विकास, नवप्रवर्तन र प्रविधि-उद्यमोदयको क्षेत्रमा खर्च हुनेछ।

तर उक्त कोषको रकम बढीमा १५ प्रतिशत भन्दा बढी तलब भत्ता तथा अन्य प्रशासनिक खर्च गर्न पाइने छैन ।

(५) केन्द्रबाट सिफारिस भई आएको रकमको निकासा सञ्चालक समितिको निर्णयबमोजिम हुनेछ।

(६) कोषको रकम सञ्चालक समितिले तोकेको बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुनबमोजिम राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त कुनै बैंकमा कोषको नाममा खाता खोली जम्मा गर्नुपर्नेछ।

(७) कोषको खाता सञ्चालन मन्त्रालयका सचिव तथा मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(८) कोषको आय व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ।

(९) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

१७. <u>कोषको सञ्चालक समिति</u> :- (१) केन्द्रबाट सिफारिस भई आएबमोजिम रकम निकासा सम्बन्धी आवश्यक निर्णय गर्न देहायबमोजिमका नौ सदस्यीय कोष सञ्चालक समिति हुनेछ :-

(क) सचिव, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय - सदस्य

(घ) सहसचिव, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको/बिशेष अनुभव हासिल गरेका व्यक्तिहरूमध्येबाट तीन जना - सदस्य

(च) अनुभव प्राप्त चार्टर्ड एकाउन्टेन्ट ("क" वर्ग) - सदस्य

(छ) आर्थिक प्रशासन शाखा प्रमुख, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय - सचिव

(२) कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार

परिच्छेद ६

## आबद्धता तथा अन्य संस्थागत संयन्त्र सम्बन्धी व्यवस्था

१८. आबद्धताको लागि निवेदन दिनुपर्नेः (१) विज्ञान, प्रविधि तथा नवप्रवर्तन वा इन्क्युबेटर, एक्सेलेरेटर सम्बन्धी कार्य गर्ने वा अनुसन्धान गर्ने व्यक्ति वा संस्थाले तोकिएको ढाँचामा आवद्धताको लागि मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) अनुसार निवेदनमा उल्लेख गर्नुपर्ने विवरण, आवद्धताका न्यूनतम मापदण्ड तोकिएबमोजिम हुनेछ।

१९. आबद्धता प्रमाणपत्रः (१) मन्त्रालयले दफा १८ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी तोकिएको शुल्क लिएर आबद्धताको प्रमाणपत्र दिन सक्नेछ।

(२) मन्त्रालयले आबद्धताको प्रमाणपत्र प्राप्त संस्थालाई विज्ञान प्रविधि विकास, अनुसन्धान तथा नवप्रवर्तनमा नेपाल सरकारले तोकिएबमोजिम सहजीकरण गर्न सक्नेछ। त्यसरी सहजीकरण गर्दा लाग्ने दस्तुर तोकिएबमोजिम हुनेछ।

(३) केन्द्रबाट आबद्धता प्राप्त अनुसन्धान संस्थाहरू विज्ञान प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित क्रियाकलापमा संलग्न हुन अन्य निकायमा दर्ता, आबद्ध वा अद्यावधिक हुन बाध्य हुने छैनन्।

(३) आबद्धताको प्रमाणपत्र जारी, नवीकरण, खारेजी तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२०. उत्कृष्टता केन्द्र (सेन्टर अफ एक्सिलेन्स) सम्बन्धी व्यवस्थाः (१) दफा १८ बमोजिम आबद्धता प्राप्त संस्थाले अनुसन्धान वा नवप्रवर्तनको कुनै विषय वा विधामा आफूलाई उत्कृष्टता केन्द्रको रूपमा मान्यता प्राप्त गर्न मन्त्रालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उत्कृष्टता केन्द्रको रुपमा मान्यता प्राप्त गर्न तोकिएबमोजिमको सर्त पुरा गरेको हुनुपर्नेछ। उत्कृष्टता केन्द्रको मान्यता दिंदा लाग्ने शुल्क तोकिएबमोजिम हुनेछ।

(३) दफा (१) बमोजिमको उत्कृष्टता केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२१. विशिष्टीकृत अनुसन्धान केन्द्र वा राष्ट्रिय प्रयोगशालाः (१) नेपाल सरकारले विभिन्न विधामा विशिष्टीकृत अनुसन्धान केन्द्र वा राष्ट्रिय प्रयोगशालाको आवश्यकता अनुसार स्थापना वा संस्थागत पुनर्संरचना वा प्राविधिक स्तरोन्नति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विशिष्टीकृत अनुसन्धान केन्द्र वा राष्ट्रिय प्रयोगशाला सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२२. राष्ट्रिय अंशाङ्कन केन्द्र स्थापनाः (१) वैज्ञानिक उपकरणको अंशाङ्कन, मापन-मानकका लागि एक राष्ट्रिय अंशाङ्कन सेन्टर (नेशनल मेट्रोलोजी इन्स्टिच्युट) रहनेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिमको निकायले अंशाङ्कन सम्बन्धी कार्य गर्दा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप हुने गरी गर्नेछ।

(३) अंशाङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२३. <u>राष्ट्रिय प्रत्यायन केन्द्र</u>ः समरुपता परीक्षण गर्ने संस्थाको सक्षमता निर्धारण गरी मान्यता प्रदान गर्न एक राष्ट्रिय प्रत्यायन केन्द्र रहनेछ।

२४. <u>विज्ञान तथा प्रविधि हब वा नवप्रवर्तन जोन</u>ः नेपाल सरकारले आवश्यकता अनुसार विज्ञान तथा प्रविधि हब स्थापना गरी सञ्चालन गर्न वा नवप्रवर्तन जोन घोषणा गर्न सक्नेछ।

## परिच्छेद- ७

## <u>बौद्धिक सम्पत्ति सम्बन्धी व्यवस्था</u>

२५. <u>बौद्धिक सम्पत्तिको स्वामित्वः</u> (१) नेपाल सरकारको पूर्ण वा आंशिक वित्तपोषणबाट गरिएको नवप्रवर्तन तथा अनुसन्धानबाट सिर्जित बौद्धिक सम्पत्तिमाथिको अधिकार नवप्रवर्तन तथा अनुसन्धान गर्ने संस्था वा समूहमा रहनेछ।

२६. <u>स्थानीय ज्ञान, जैविक स्रोत र लाभको बाँडफाँटः</u> (१) स्थानीय ज्ञान वा जैविक स्रोत जैविक वा आनुवंशिक स्रोत र परम्परागत वा स्थानीय ज्ञानमा आधारित अनुसन्धान गर्दा अनिवार्य रूपमा सम्बन्धित समुदाय वा त्यस्तो ज्ञान वा स्रोत धनीको स्वतन्त्र र पूर्वसूचित सहमति लिनु पर्नेछ ।

(२) बौद्धिक सम्पत्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२७. <u>प्रविधि हस्तान्तरण तथा व्यवसायीकरणः</u> (१) बौद्धिक सम्पत्ति, प्रविधि हस्तान्तरण र व्यवसायीकरण सम्बन्धी राष्ट्रिय-स्तरको मापदण्ड तयारी, समन्वय र विवाद-समाधानका लागि आवश्यक सुझाव दिन नेपाल सरकारले बिषय विज्ञ, बौद्धिक सम्पत्ति, कानुन, वित्त र उद्योग क्षेत्रका विज्ञ सदस्य सम्मिलित एक समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद- ८

## <u>विदेशी अनुसन्धान संस्था वा वैज्ञानिकहरूसँग सहकार्य</u>

२८. <u>अन्तर्राष्ट्रिय सहकार्यः</u> (१) मन्त्रालयले अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका लागि विज्ञान तथा प्रविधि सम्बन्धी विषयमा कार्यरत अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा नेपाल सरकारको प्रचलित कानुनबमोजिम गर्नुपर्नेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

२९. विदेशी वैज्ञानिक तथा नवप्रवर्तकलाई संलग्न गराउने: (१) मन्त्रालयले विदेशी वा गैरआवासीय नेपाली वैज्ञानिक, प्राविधिज्ञ र नवप्रवर्तकलाई केन्द्र तथा अनुसन्धान संस्थामा संलग्न गराउन सहजीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसार व्यक्ति वा संस्थाले तोकिएबमोजिमको सर्त पालना गर्नुपर्नेछ।

३०. अनुसन्धान, नवप्रवर्तन तथा स्टार्टअप भिसा सिफारिस: (१) मन्त्रालयले आबद्धताप्राप्त संस्थामा अनुसन्धान वा नवप्रवर्तनमा संलग्न हुन आउने विदेशी नागरिक, गैरआवासीय नेपाली नागरिकका लागि नेपाल सरकारसमक्ष छुट्टै अनुसन्धान/नवप्रवर्तन/स्टार्टअप भिसा वर्गीकरणको सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-९

## छुट, सुविधा, प्रोत्साहन तथा सहुलियत सम्बन्धी व्यवस्था

३१. बौद्धिक सम्पत्ति, रोयल्टी सम्बन्धी व्यवस्था: नेपाल सरकार समेतको लगानीमा कुनै निजी क्षेत्रबाट विकास भएको प्रविधिको व्यावसायिक उपयोगको सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अवधिसम्मको लागि रोयल्टीको दर तथा रोयल्टी छुटको सीमा निर्धारण गर्न सक्नेछ।

३२. अनुसन्धान तथा प्रविधि विकास कर प्रोत्साहन: (१) अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनसँग सम्बन्धित संस्थाहरूले प्रोटोटाइप वा मिनिमम भायबल प्रडक्ट बनाउन लाग्ने कच्चा पदार्थ वा उपकरण आयातमा कर छुटको लागि मन्त्रालयले अर्थ मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(२) केन्द्रले आयात सहजीकरणका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रोत्साहन तथा छुटका लागि आवश्यक न्यूनतम मापदण्ड र प्रक्रिया तोकिएबमोजिम हुनेछ।

## परिच्छेद- १०

## अनुगमन, मूल्याङ्कन

३३. अनुगमन तथा मूल्याङ्कन: (१) कोषको लगानीमा सञ्चालित योजना तथा कार्यक्रमको प्रक्रिया, नतिजा तथा प्रभावको नियमित अनुगमन तथा मूल्याङ्कन केन्द्र र मन्त्रालयबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३४. स्वतन्त्र मूल्याङ्कन: (१) केन्द्र र कोषको प्रभावकारिताको मन्त्रालयले कम्तीमा प्रत्येक दुई वर्षमा स्वतन्त्र बाह्य मूल्याङ्कन गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्नेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद- ११

## अनुसन्धान आचारसंहिता तथा जिम्मेवार प्रविधि विकास सम्बन्धी व्यवस्था

३५. **अनुसन्धान तथा प्रविधि विकासमा नैतिक अनुमति लिनुपर्नेः** (१) साधारणतया अनुसन्धान तथा नवाप्रवर्तन गर्दा नैतिकता अनुमति लिनु पर्ने छैन तर मानव, मानव जैविक नमुना, व्यक्तिगत तथ्याङ्क, जैविक स्रोत, वातावरण वा अन्य संवेदनशील विषयसँग सम्बन्धित भएमा प्रचलित कानून तथा सम्बन्धित आचारसंहिताको पालना गर्नुपर्नेछ। सो को पालना गर्न गराउन आवद्धता प्राप्त प्रत्येक अनुसन्धान संस्थाले आफुले अनुसन्धान नैतिकता समिति गठन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले नैतिक अनुमति लिनुपर्ने भनी सिफारिस भई आएको प्रस्ताव उपर प्रस्तावकर्ताले केन्द्रबाट नैतिक अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नैतिक अनुमति प्रदान गर्न सम्बन्धी कार्यका लागि मन्त्रालयमा अनुसन्धान नैतिकता समिति रहनेछ।

(३) उपदफा (२) बमोजिमको समितिमा कानुन, जैविक, स्वास्थ्य, तथ्याङ्क, वातावरण तथा सामाजिक विज्ञानका विशेषज्ञ र सार्वजनिक हित सम्बन्धी विषयका विज्ञ प्रतिनिधि रहनेछन्।

(४) समितिका सदस्यको नियुक्ति, पदावधि, उजुरी जाँचको प्रक्रिया र गोपनीयताको व्यवस्था तोकिएबमोजिम हुनेछ, समितिका सदस्यहरू अवैतनिक हुनेछन्।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि मन्त्रालयले वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तन कार्य गर्दा पालना गर्नुपर्ने नैतिक मापदण्ड सम्बन्धी आचारसंहिता तयार गरी लागू गर्न सक्नेछ।

(६) कोषबाट वित्तपोषित अनुसन्धानले अनुसन्धान नैतिक मापदण्ड सम्बन्धी आचारसंहिता पालना गर्नुपर्नेछ।

३६. **अनुसन्धान गर्न नपाइनेः** (१) नेपाल सरकारको पूर्व स्वीकृति बेगर यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मानव स्वास्थ्य, वातावरण, सामाजिक हित तथा राष्ट्रिय सुरक्षामा प्रतिकूल असर पुग्ने कुनै पनि किसिमका अनुसन्धान गर्न पाइने छैन।

## परिच्छेद १२

## कसूर तथा जरिवाना सम्बन्धी

३७. **कसूरः** यस ऐनबमोजिम सञ्चालन हुने अनुसन्धान वा कार्यक्रममा देहायबमोजिमको कार्य गरे वा गराएमा कसूर गरेको मानिनेछ :-

(क) यस ऐनबमोजिम गरिने गराइने अनुगमन, मूल्याङ्कन, निरीक्षण, निगरानी तथा नियन्त्रणमा अवरोध सृजना गरे, गराएमा,

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार

(ख) नवप्रवर्तन कोषको अनुदान रकम उद्देश्य विपरीत खर्च गरे, गराएमा,

(ग) नवप्रवर्तन कोषको अनुदान रकम हिनामिना गरे, गराएमा,

(घ) आदिवासी जनजाति तथा स्थानीय समुदायमा रहेको परम्परागत ज्ञान, सीप, पद्धति र जैविक तथा अनुवांशिक श्रोतमा अनुसन्धान गर्नुपूर्व सम्बन्धित व्यक्ति वा संस्था वा समुदाय वा निकायको स्वतन्त्र, पूर्वसूचित सहमति नलिएमा,

(ङ) अनुसन्धान र नवप्रवर्तन संस्था, अनुसन्धानकर्ता वा नवप्रवर्तकले झुट्टा वा जालसाजी पूर्वक बौद्धिक सम्पत्ति अधिकारका लागि आवेदन दर्ता गरेमा वा बौद्धिक चोरी गरेमा,

(च) फर्जी डाटा, नतिजा तोडमोड गरी अनुसन्धान आचारसंहिता उल्लंघन गरे गराएमा,

(छ) यस ऐन विपरीतका अन्य कार्य गरे गराएमा।

३८. <u>उजुरी गर्न सक्ने:</u> (१) दफा ३८ मा उल्लिखित कसूरका सम्बन्धमा केन्द्रमा उजुरी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी उपर केन्द्रले छानबिन गर्न, गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्दा यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरित कार्य भएको पाइएमा केन्द्रले ऐन बमोजिम तत्सम्बन्धी कारबाही गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम कारबाही गर्नुअघि सफाईको मनासिव मौका प्रदान गरिनेछ।

३९. <u>सजाय</u> : (१) केन्द्रले दफा ३८ को देहायको कसूर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय गर्न सक्नेछ :-

(क) खण्ड (क) बमोजिमको कसूर गरे-गराएमा त्यस्तो कसूरदारलाई पाँच हजार रुपैयाँसम्म जरिवाना गर्ने,

(ख) खण्ड (ख) र (ग) बमोजिमको कसूर गर्नेलाई एक लाख रुपैयाँसम्म जरिवाना र बढीमा पाँच वर्षसम्म यस ऐनबमोजिम अनुदानमा प्राप्त गर्न अयोग्य हुने वा कालो सूचीमा राखी अनुदान रकम सरकारी बाँकी सरह असुलउपर गर्ने,

(ग) खण्ड (घ) बमोजिमको कसूर गरे-गराएमा सम्बन्धित व्यक्ति वा संस्थालाई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गरी त्यस्तो अनुसन्धान कार्यलाई तत्काल रोक लगाई अभिलेखमा राख्न लगाउने,

(घ) खण्ड (ङ) बमोजिमको कसूर गरे गराएमा त्यस्तो संस्थालाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने, र प्रचलित कानून बमोजिम पडितलाई क्षतिपूर्ति दिलाउने,

(ङ) खण्ड (च) बमोजिमको कसूर गरे-गराएमा पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्ने।

४०. <u>पुनरावेदन:</u> दफा ३९ बमोजिम भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णय प्राप्त भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

४१. <u>अनुसन्धान आचारसंहिता उल्लङ्घनको छानबिन सम्बन्धी विशेष व्यवस्था:</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान आचारसंहिता उल्लङ्घन (मिसकन्डक्ट) को सम्बन्धमा

केन्द्रमा कुनै उजुरी प्राप्त भएमा सो सम्बन्धमा केन्द्रले गोप्य, समयबद्ध र प्राकृतिक न्यायको सिद्धान्तअनुरूप छानबीन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको जाँचबुझको क्रममा आरोपितलाई सफाईको मौका दिनुपर्नेछ।

(३) छानबीनको क्रममा आचारसंहिता उल्लङ्घन पुष्टि भएमा अनुसन्धान नतिजा फिर्ता लिन वा सच्याउन लगाउने, अनुदान प्राप्त संस्थाको अनुदान फिर्ता लिने तथा संस्थागत सुधारका लागि निर्देशन जस्ता कारबाही गर्न सकिनेछ।

४२. <u>प्रचलित कानून बमोजिम हुने</u> : यस ऐन बमोजिम कसूर ठहरिने कुनै काम कारबाही अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर बापत कानून बमोजिम सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद १३

## <u>विविध</u>

४३. <u>तथ्याङ्क सङ्कलनः</u> (१) मन्त्रालयले विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी नियमित तथ्याङ्क सङ्कलन गरी डाटाबेस तयार गरी अद्यावधिक गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तथ्याङ्क सङ्कलन कार्यमा सहयोग गर्नु संघ, प्रदेश, स्थानीय तहका निकायहरू, प्राज्ञिक निकाय, विश्वविद्यालय, सार्वजनिक तथा निजी अनुसन्धान संस्था, औद्योगिक प्रतिष्ठान तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४४. <u>स्वार्थको द्वन्द्व र पारदर्शिताः</u> (१) स्वार्थ बाझिने विषयमा कुनै पनि व्यक्तिले मन्त्रालय, समिति र केन्द्रको निर्णय प्रक्रियामा संलग्न हुन पाइनेछैन ।

(२) केन्द्रले बैठकका निर्णय, वार्षिक बजेट, अनुदान आह्वान, मूल्याङ्कन मापदण्ड, सफल अनुदानग्राही, रकम, परियोजनाको शीर्षक र अन्तिम प्रतिवेदनको सार्वजनिक सारांश विद्युतीय माध्यमबाट प्रकाशन गर्नेछ; तर राष्ट्रिय सुरक्षा, वैध व्यापारिक गोपनीयता वा व्यक्तिगत गोपनीयता सम्वन्धी सूचना प्रचलित कानुनबमोजिम सुरक्षित रहनेछ।

४५. <u>पुरस्कार सम्बन्धी व्यवस्थाः</u> (१) विज्ञान प्रविधि सम्बद्ध संस्था तथा केन्द्रले विज्ञान-प्रविधिको क्षेत्रमा नतिजामूलक तथा परिणाममुखी खोज, अनुसन्धान तथा अविष्कार गर्ने अनुसन्धानकर्ता, प्राविधिज्ञ तथा संस्थालाई पुरस्कार प्रदान गर्न मन्त्रालयसमक्ष सिफारिस गर्नसक्नेछ।

(२) पुरस्कार सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४६. <u>कानुन बनाउन सक्नेः</u> प्रदेश सरकारले यस ऐनको ले निर्धारण गरेको मापदण्ड बमोजिम प्रादेशिक विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्वन्धी नीति एवं कानुन बनाउन सक्नेछन् ।

४७. <u>नियम बनाउन सक्नेः</u> नेपाल सरकारले विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित आवश्यक नियम बनाउन सक्नेछ।

४८. <u>निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेः</u> (१) केन्द्रले यस ऐन र नियमको अधीनमा रही आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा ...

(२) उपदफा (१) बमोजिमको मापदण्ड वा निर्देशिका बनाउनु अघि केन्द्रले मसौदा सार्वजनिक गरी कम्तीमा तीस दिनको परामर्श अवधि दिनुपर्नेछ र प्राप्त सुझावको सारांश तथा आफ्नो प्रतिक्रिया सार्वजनिक गर्नुपर्नेछ।

तर आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

४९. <u>असल नियतपूर्वक गरिएको कार्यको बचाऊ:</u> (१) यस ऐन वा यस अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका वा स्वीकृत मापदण्डबमोजिम असल नियतपूर्वक गरिएको कुनै पनि कार्यको सम्बन्धमा वा स्वीकृत वैज्ञानिक विधि, निर्धारित कार्ययोजना तथा प्रचलित वित्तीय एवं प्रशासनिक प्रक्रिया पालना गरी अनुसन्धान तथा नवप्रवर्तन कार्य सञ्चालन गर्दा अपेक्षित परिणाम प्राप्त नभएको मात्र आधारमा सम्बन्धित पदाधिकारी, कर्मचारी, वैज्ञानिक, अनुसन्धानकर्ता वा विशेषज्ञलाई व्यक्तिगत रूपमा जिम्मेवार ठहराइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचार र जालसाजी लगायत नैतिक पतन देखिने कसूर गर्ने गर्ने नियतले प्रचलित कानुनको जानीजानी उल्लङ्घन गरेको प्रमाणित भएमा उपदफा (१) बमोजिमको बचाउ हुनेछैन।

५०. <u>यसै ऐन बमोजिम हुने</u> यस ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुरा यस ऐन र नियमावली बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय